म्यागङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट

बागमती प्रदेश

म्यागङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नुवाकोट बागमती प्रदेश

## गरिब परिवार पहिचानको तथ्याङ्क संकलन सम्बन्धी सूचना !

सूचना प्रकाशित मितिः २०७७/१०/१८

गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गरिब परिवार पहिचानको तथ्याङ्क संकलन सम्बन्धी सूचना जारी गरिएको छ।

- म्यागङ गाउँपालिकाको सम्पूर्ण वडाहरुमा गरिब परिवार पहिचानको लागि आवश्यक तथ्याङ्क संकलन कार्य सञ्चालन हुन गईरहेको छ।
- तथ्याङ्क संकलन गर्ने गणकहरु सम्बन्धीत घर परिवारको घर आँगनमा पुग्नु पर्दछ। घर आँगन भन्दा बाहिरको अन्य कुनै पनि स्थानमा बसेर तथ्याङ्क संकलन गर्न नमिल्ने हुँदा गणकहरु आफ्नो गाउँ टोलमा कहिले आउँछन् भन्ने बुझ्नको लागि आफ्नो वडा कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।
- गरिब परिवारको तथ्याङ्क संकलनको क्रममा परिवारमुलीको फोटो खिचिने छ। साथै नागरिकता प्रमाणपत्र नं. वा मतदाता परिचयपत्र नं. वा राष्ट्रिय परिचयपत्र नं. को समेत आवश्यक पर्दछ।
- तथ्याङ्क संकलनको लागि गणकहरुलाई कुनै पनि झुटो विवरण दिएको प्रमाणित भए कानुन बमोजिम कारावाही हुने हुँदा आफ्नो घर परिवारको सत्यतथ्य विवरण दिन हुन अनुरोध गरिन्छ।
- गरिब परिवारको पहिचान पश्चात गरिब परिवारको सूचिमा परेका तथा परिचयपत्र पाएका व्यक्तिले राज्यको तर्फबाट सञ्चालन हुने सामाजिक सुरक्षा अन्तर्गतका विभिन्न कार्यक्रममा प्राथमिकताका आधारमा सहभागी हुन पाइने छ।
- यस कार्यक्रमका लागि गणकहरुले लिएका तथ्याङ्कहरु गोप्य राखिने भएकोले आफ्नो सत्यतथ्य विवरण स्पष्ट बताउनु हुन अनुरोध गरिन्छ।

---------------------------

शेर सिंह रावत

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत